AMNESTY INTERNATIONAL

**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

**एम्नेस्टी इन्टरनेसनल**
**प्रेस विज्ञप्ति**

**००.०१ काठमाडौं समयसम्म प्रकाशनका लागि निषेधित, ३० जनवरी २०२०**
**एसिया प्यासिफिकमा मानवअधिकारको अवस्था : सन् २०१९ को समीक्षा**

**नेपालः स्वतन्त्रता सङ्कुचनमा परेको एक वर्ष**

सरकारले अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्नका लागि कानुनहरू प्रस्ताव गरेको र नागरिक समाज संघ संस्थामाथि थप बन्देजहरू लगाएको कारण नेपालमा गत वर्ष आधारभूत स्वतन्त्रतामाथि प्रहार भएको एम्नेस्टी इन्टरनेसनलले एसिया प्यासिफिक क्षेत्रका घटनाहरूलाई केलाउँदै आफ्नो वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने क्रममा आज बताएको छ ।

एसिया प्यासिफिकमा मानवअधिकार अवस्था : (*Human Rights in Asia-Pacific: Review of 2019)* नाम दिइएको आज प्रकाशित उक्त प्रतिवेदनले संसारको सबैभन्दा ठूलो महादेशको मानवअधिकारको अवस्थाका बारेमा सबैभन्दा विस्तृत विश्लेषण गरेको छ ।

“गएको वर्षमा नेपालले दमनकारी पद्धतिहरूलाई अनुसरण गरेर अभिव्यक्त स्वतन्त्रतालाई सङ्कुचन गर्न थालेको हामीले देखेका छौं । गत वर्ष आफ्नो काम गरेबापत पत्रकारहरूलाई गिरफ्तार गरियो, गीतमा भएका विषयवस्तुका कारण गायकहरूलाई थुनामा राखियो, र नागरिक समाजले थप दबाब झेल्नु पर्यो,” एम्नेस्टी इन्टरनेसनलका दक्षिण एसिया निर्देशक बिराज पटनायकले भने ।

“अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध र दशक लामो सशस्त्र द्वन्द्व कालमा भएका अन्य मानवअधिकार उल्लङ्घनका हजारौं पीडितहरूलाई सत्य, न्याय र परिपूरण उपलब्ध गराउन सरकार विफल भएको छ । निकै महत्त्वपूर्ण विप्रेषणको श्रोतको रूपमा रहेका आप्रवासी श्रमिकहरूलाई ज्यादतीपूर्ण भर्ना गर्ने अभ्यासविरुद्ध संरक्षण प्रदान गरिएको छैन । २०७२ सालको भूकम्पमा आफ्नो आवास गुमाएका धेरै मानिसले अझै स्थायी आवास पाएको अवस्था छैन ।"

**अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रहार**

सन् २०१९ मा नेपालमा विद्युतीय कारोबार ऐन २०६३ जस्ता कानूनलाई प्रयोग गरी पत्रकार र कलाकारहरूलाई स्वेच्छाचारी रूपमा पक्राउ गर्न प्रयोग गरियो । वर्षको अन्त्यसम्ममा सरकारले अभिव्यक्ति स्वतन्त्रतामाथि थप बन्देज लगाउने खालका तीन नयाँ विधेयकहरु - मिडिया काउन्सिल विधेयक, आमसंचार विधेयक र सूचना प्रविधि विधेयक - प्रस्ताव गर्यो ।

सरकारले राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रतालाई कमजोर पार्ने खालको संशोधन विधेयक पनि प्रस्ताव गरेको

SWC Regd. No. 29068, CDO Regd. No. 19/058/059

छ । मन्त्रीपरिषद्ले नागरिक समाज संघसंस्थाहरूको गतिविधिहरूमा बन्देज लगाई तिमाथि कडा अनुगमन गर्ने प्रावधानसहितको कानूनको पनि प्रस्ताव गरेको छ ।

"अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचित गर्ने गरी प्रस्ताव गरिएका यी नयाँ विधेयकहरूले नेपालको क्षेत्रीय प्रतिष्ठामा आँच पुर्याउनुका साथै अन्तर्राष्ट्रिय दायित्वको पनि उल्लङ्घन हुनेछ । नेपालमा शान्तिपूर्ण तरिकाले कसैले केही भनेको वा लेखेको आधारमा उनीहरूलाई दण्डित नगरिएको सुनिश्चित गर्न यी विधेयकहरूलाई फिर्ता लिइनुपर्दछ वा संशोधन गरिनुपर्दछ," बिराज पट्नायकले भने ।

**सङ्क्रमणकालीन न्यायमा अवरुद्धता**

विस्तृत शान्ति सम्झौतामा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध र दशक लामो सशस्त्र द्वन्द्वकालमा भएका अन्य मानवअधिकार उल्लङ्घनका हजारौं पीडितहरूलाई सत्य, न्याय र परिपूरण उपलब्ध गराउने प्रतिबद्धता गरेको १३ वर्ष पछि पनि सन् २०१९ मा यी सवालमा निराशलाग्दो गरी न्यून प्रगति भएको छ ।

द्वन्द्वकालमा सरकारी सुरक्षा निकाय र माओवादी सशस्त्र समूहहरूबाट भएको मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी दशौं हजार उजुरीहरू सङ्कलन गरेका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा नयाँ आयुक्तहरू नियुक्त गर्न पनि सरकार विफल रह्यो ।

सालको अन्त्यसम्ममा सरकारले सन् २०१४ र २०१५ मा सर्वोच्च अदालतले दिएको आदेशअनुरुप हुनेगरी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लई संशोधन गरेको छैन ।

"न्याय प्रदान गर्नुपर्न दशौं हजार पीडितहरूलाई न्याय उपलब्ध गराएपिछ मात्र नेपालको दशक लामो द्वन्द्वको घाउ निको हुन्छ । सन् २०२० मा सरकारले अहिलेसम्म सीमित रूपमा भएपनि भएका केही महत्त्वपूर्ण प्रगतिलाई मजबुत बनाउनुपर्दछ, सङ्क्रमणकालीन न्याय प्रकृयालाई नियाल्ने आयोगहरूलाई सशक्तिकृत पार्नुपर्दछ र विद्यमान कानुनलाई सर्वोच्च अदालतको आदेशअनुरुप बनाउनुपर्दछ ।" बिराज पटनायकले भने ।

**आप्रवासी श्रमिकहरू अझै शोषणमा**

हरेक वर्ष हजारौं नेपाली कामको लागि देश छोडी विदेश जान्छन् तर यी अप्रवासी श्रमिकहरूलाई शोषणपूर्ण भर्ना अभ्यासहरूबाट संरक्षण प्रदान गरिएको छैन ।

चार वर्ष अगाडि सरकारले संभावित रोजगारी मुलुकहरूमा जानका लागि आवश्यक भिसा र टिकट खर्च आप्रवासी श्रमिकहरूले व्यहोर्न नपर्ने सुनिश्चित गर्नका लागि एउटा नीति घोषणा गरेको थियो । तर अहिलेसम्म पनि यो नीतिलाई राम्रोसँग लागू गरिएको छैन र श्रमिक भर्ना गर्ने एजेन्सीसहरूले श्रमिकहरूबाट चर्को शुल्क लिन जारी राखेका छन् ।

"देशको अर्थव्यवस्थालाई सुचारू राख्न सरकार खुशीका साथ सयौं हजार आप्रवासी श्रमिकहरूले पठाएको विप्रेषणमा निर्भर रहेको छ तर उनीहरूलाई भर्ना गर्ने एजेन्सीहरूबाट हुने शोषण र दुर्व्यवहारबाट उनीहरू सुरक्षित भएको सुनिश्चत गर्न भने एकदमै कम प्रयासरत छ । सन् २०२० मा अधिकारिहरूले आप्रवासी श्रमिकहरूलाई संरक्षण प्रदान गर्न विद्यमान कानुनलाई कार्यान्वयन गर्न निर्णायक कदम चाल्नुपर्छ," बिराज पटनायकले भने ।